# आर्थिक वर्ष २०८३/०८४
# को
# बजेट तथा कार्यक्रम



श्री मधुवन नगरपालिकाको सोह्रौ नगरसभामा नगर उप प्रमुख

श्री अनिता चौधरी ज्यू बाट प्रस्तुत

बजेट तथा कार्यक्रम

२०८३

**यस गरिमामय नगर सभाका अध्यक्षज्यू, सभाका सम्पूर्ण सदस्यज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु एवं पत्रकार मित्रहरु।**

१. "पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार मधुवन नगरपालिका विकासको मूल आधार" भन्ने मूल नाराका साथ अघि बढेको यस मधुवन नगरपालिकाको अठारौं नगर सभामा नगर आ.व. २०८३/०८४ को स्वीकृत नीति तथा कार्यक्रमसँग तालमेल हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्भको अनुभूति गरेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नु हुने वीर सहिदहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।

३. प्राप्त लोकतान्त्रिक अभ्यासबाट मलाई विजय गराई यहाँ सम्म ल्याउनुहुने सार्वभौम आम जनता, आम मतदाता लगायत सबै संघ संस्था तथा राजनीति दलहरु र मेरा आदरणीय आमाबुवा, दाजुभाई, दिदीबहिनीहरु प्रति उच्च सम्मानका साथ आभार व्यक्त गर्न चाहन्छु ।

४. स्रोतको सिमितता अधुरो आयोजना सम्पन्न गर्नुपर्ने बाध्यात्मक परिस्थिति बढ्दो जनचाहनाका बावजुद् समग्र मधुवनको विकासमा महत्वपूर्ण योगदान रहोस भन्ने उद्देश्यले यस गरिमामय सभाले स्वीकृत गरेको नीति कार्यक्रम तथा विभिन्न कानूनले निर्दिष्ट गरेको कानूनी दायराभित्र रहेर यो बजेट प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय,**

५. अब म आगामी आ.व. २०८३।०८४ को कार्य दिशा स्पष्ट हुनेगरी बजेटका उद्देश्य, प्राथमिकता र रणनीतिक क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) उद्देश्यहरुः**

- मधुवन न.पा. मा लगानी गरी लाभ लिन सक्ने क्षेत्रको पहिचान गरी यहाँका समस्याहरु समाधान गर्नु एवं उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- विकास साझेदारहरुको बीचमा समन्वय गरी निजी क्षेत्रको सहभागितामा नगरको समग्र विकासमा टेवा पुर्याउने,
- समग्र नगरबासीको सीप विकास, क्षमता विकास मार्फत आयआर्जनमा सुधार गरी गरिबी न्यूनीकरणमा जोड दिदैं रोजगारी सिर्जना गर्ने,
- अति विपन्न, लोपोन्मुख तथा पछि परेका वर्ग एवं समुदायलाई सशक्तिकरण गर्ने,
- सामाजिक सुरक्षाका विविध विषयहरु व्यवस्थित गर्दै सामाजिक न्याय कायम गर्ने,
- स्थानीय तहबाट प्रभाव हुने सार्वजनिक सेवालाई व्यवस्थित, अनुमानयोग्य तथा प्रभावकारी तुल्याउने,
- मानव वन्यजन्तु द्वन्द्व र क्षतिको न्यूनीकरण गर्ने,
- राष्ट्रिय तथा प्रादेशिक बजेटका लक्ष्य तथा उद्देश्यसँग सामन्जस्यता कायम गरी स्थानियकरण गर्ने

**ख) आगामी आ.व. २०८३/०८४ का बजेटका प्राथमिकताहरु देहाय अनुसार प्रस्तुत गरेको छु :**

- गुणस्तरीय तथा सर्वसुलभ शिक्षामार्फत विद्यार्थी भर्नादर तथा टिकाउदरमा वृद्धि गरी सामुदायिक विद्यालयको शिक्षण सिकाई तथा गुणस्तरमा वृद्धि ल्याई विद्यार्थीको आकर्षण बढाउने,
- कृषि तथा पशुपालन क्षेत्रमा आधुनिक तथा नविनतम प्रविधिको प्रयोग मार्फत कृषकको जीवनस्तरमा सुधार ल्याउने,
- बहुवर्षीय, अधुरा, क्रमागत योजनाहरु र अन्य आवश्यक पूर्वाधार निर्माणमा जोड,
- वातावरण संरक्षण जलवायु उत्थानशिलता जलवायु अनुकुलन कार्यक्रम र विपद् व्यवस्थापन
- सहकारीको माध्यमबाट रोजगार प्रवर्धन, स्वआयआर्जन तथा गरीबी निवारण,
- सुशासन र संस्थागत विकासमा जोड,
- लोपोन्मुख लोक कला संस्कृतिको संरक्षण, सम्वर्धन, प्रवर्धन तथा पुराना लोक संस्कृतिको पुस्तान्तरण,
- लागुऔषध नियन्त्रण, बालविवाह, बहुबिवाह न्यूनिकरण ।

**ग) आगामी आ.व २०८३/०८४ को बजेट कार्यान्वयका लागि आवश्यक रणनीतिहरु देहाय अनुसार तय गरेको छु :**

- सार्वजनिक खर्च तथा पुँजीगत खर्चको वृद्धि गर्न समयमै आवश्यक तयारी तथा तोकिएका कार्यहरु थालनी गर्ने,
- सार्वजनिक खर्चमा मितव्ययीता अपनाउन आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,
- नव प्रवर्तन कार्य मार्फत उद्यमशीलता विकासमा जोड दिने,
- आन्तरिक स्रोत परिचालन तथा वृद्धिका लागि राजश्वको दायरा विस्तार गर्ने, कर सहभागितामा वृद्धि गर्ने,
- आन्तरिक आयका लागि संघीय तथा प्रादेशिक सरकारको परनिर्भरता कम गर्ने,
- उपलब्धिमूलक नतिजा हासिल गर्न कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने,
- अनुगमन, सुपरीवेक्षण र मूल्याङकनलाई प्रभावकारी बनाउने,
- विकास साझेदारीहरुबीचमा प्रभावकारी समन्वय गर्ने,
- सुशासनका सूचकहरु अनुसार उपलब्धि हासिल गर्न बजेटलाई कार्य सम्पादनसँग प्रभावकारी रुपमा जोड्ने,
- आम नागरिकलाई बजेट र नन् बजेटरी कार्यमा सहभागी गराई विकासका आयामहरु प्रतिफलयुक्त बनाउने,
- संघ सरकार, प्रदेश सरकारसँग निरन्तर समन्वय गरी बजेटले सम्बोधन गर्न नसकेका क्षेत्रमा बजेटको प्रबन्ध गर्ने ।

**सभाका अध्यक्षज्यू,**

६. अब म यस आ.व. को हाल सम्मको खर्च साथै चालु आ.व २०८२/८३ मा भएका मुख्य मुख्य प्रगति विवरण संक्षिप्त रुपमा प्रस्तुत गरेको छु ।

क. चालु आर्थिक वर्षको हाल सम्मको चालु खर्च कुल विनियोजनको ७४ प्रतिशत र पुँजीगत खर्च तर्फ कुल विनियोजनको ४० प्रतिशत खर्च भएको छ भने समग्र खर्च प्रतिशत ६२ प्रतिशत रहेको छ ।

ख. हुलाकीमार्गदेखि नगरपालिका गेटसम्मको करिब १३५० मि सडक कालोपत्रे लगायत चालु आ.व.मा जम्मा ९.५ कि.मि. सडक कालोपत्रे भएको ।

ग. मधुवन-१ मा स्वास्थ्य चौकीको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।

घ. मधुवन- ४ मा स्वास्थ्य चौकी भवन सम्पन्न भई सञ्चालनमा आएको र सोहि वडाको ने.रा मा.वि. ढोढरीमा ४ कोठे भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।

ङ. मधुवन न.पा. वडा नं. ६ स्थित मधुवन नगरअस्पतालको निर्माण कार्य सम्पन्न भई पूर्ण रुपमा सञ्चालनमा आएको ।

च. मधुवन-७ को शुक्र मा.वि मा सभाहल, मधुवन-९ धर्मज्योती मा.वि मा ४ कोठे भवन निर्माणाधिन रहेको ।

छ. ओराली-ठाकुरबाबाको सडक खण्डको करिब ४.५ कि.मि सडक कालोपत्रे यसै वर्ष सम्पन्न भई बाँकी करिब १.५ कि.मि. खण्ड समेत सम्पन्नको अन्तिम चरणउन्मुख रहेको ।

ज. सडक बोर्ड नेपालसँगको साझेदारीमा ३ कि.मि सडक ग्राभेल एवं सडक मर्मत कार्य सम्पन्नताको चरणमा रहेको ।

झ. हुलाकीमार्गदेखि नगरपालिका गेटसम्मको करिब १३५० मि सडक कालोपत्रे कार्य सम्पन्न।

ञ. जलवायु अनुकुलन कार्यक्रमबाट मधुवन-२ मा मेसवायर निर्माण कार्य सम्पन्न भएको ।

ट. विभिन्न स्वास्थ्य चौकीमार्फत गुणस्तरीय प्रसुति सेवा प्रदान गरिरहेको ।

ठ. कृषकको अन्नपात तथा कृषि उपजको सुरक्षा तथा छाडा चौपायाबाट हुन सक्ने सडक दुर्घटना न्यूनिकरणका लागि गौशाला सञ्चालन तथा व्यवस्थापन गरिएको ।

**सभा अध्यक्ष महोदय,**

७. नेपालको संविधान, सोह्रौ आवधिक योजना, दिगो विकासको लक्ष्य, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, आ. व. २०८३/०८४ को मधुवन नगरपालिकाको नीति तथा कार्यक्रमका

लक्ष्य र उद्देश्य परिपूर्तिका लागि सरोकारवाला सम्बद्ध सबैबाट प्राप्त सुझावलाई मनन गर्दै आ.व. २०८३/०८४ को लागि बजेट पेश गर्न चाहन्छु ।

८. आव २०८३/०८४ को लागि कूल रु. १ अर्ब ३ करोड ७० लाख ५० हजार रकम विनियोजित गरेको छु।जसमध्ये चालु खर्चतर्फ रु ७३ करोड ८१ लाख ५६ हजार ५ सय २० रकम अर्थात ७१ प्रतिशत रकम र पुँजीगत तर्फ रु २९ करोड ८८ लाख ९३ हजार ४ सय ८० अर्थात २९ प्रतिशत रकम विनियोजित गरेको छु ।

९. यातायात पूर्वाधार विकास मार्फत सडक सञ्जाल विस्तार गरी जनतालाई सहज, गुणस्तरीय यातायात सुविधा प्रदान गर्न नगर स्तरीय ठूला आयोजना सञ्चालनका लागि प्रत्येक वडामा एक ठुलो आयोजना पर्ने गरी रु. ९ करोड र वडास्तरीय आयोजना तथा कार्यक्रम सञ्चालन गर्न ३ करोड १५ लाख रकम विनियोजन गरेको छु ।

१०. गत विगत देखिका अधुरा आयोजनाहरु सम्पन्न गर्नका लागी रु ५ करोड रकम दायित्व तर्फ विनियोजन गरेको छु । हाललाई यो रकमले सम्पन्नको चरणमा रहेका आयोजनाहरुको भुक्तानी सुनिश्चता गर्ने तथा निर्माणको चरणमा रहेका अधुरा आयोजनाको भुक्तानी व्यवस्थापनमा सहज हुने आशा लिएको छु । यसले पुँजीगत खर्च तर्फ थप टेवा पुर्याउने महशुस गरेको छु ।

११. सामाजिक तथा आर्थिक विकासबाट नगरपालिकाको सर्वाङगिण विकास हुने लक्ष्य लिदै शिक्षलाई गुणस्तरीय बनाउदै शिक्षा क्षेत्रको विकास गर्ने प्राथमिकता दिदै शिक्षा तर्फ रु .पाँच करोड १० लाख ३९ हजार १ सय रकम विनियोजन गरेको छु, जसले निशुल्क शिक्षाका कार्यक्रममा योगदान गर्नेछ ।

१२. संघीय सरकारबाट शिक्षक दरबन्दि पूर्ति हुन नसकेका दरबन्दिमा नगर शिक्षकको व्यवस्थापनका लागि शिक्षकको आवश्यक तलवभत्ताको व्यवस्थापन गरिएको छ ।

१३. बाल विकास कर्मचारी र विद्यालय कर्मचारीको लागि संघीय सरकारसँग साझेदारी गर्ने रकमको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

१४. नगर खेलकुदका लागि रु २५ लाख शिक्षा, युवा तथा खेलकुद शाखाबाट कार्यान्वयन हुने गरी विनियोजन गरेको छु ।

१५. युवा विद्यार्थी प्रवर्धन कार्यक्रम मार्फत युवालाई सचेत युवा निर्माण गरी राष्ट्रिय पुँजी निर्माणमा सहभागी गराउन रु ५ लाख रकम विनियोजन गरेको छु ।

१६. आधारभुत स्वास्थ्य सेवाबाट कोही पनि वञ्चित नहुन भन्नका लागि स्वास्थ्य शाखाको लागि रु १ करोड ५५ लाख ३१ हजार ७ सय, नगर अस्पताल सञ्चालन तथा जनशक्ति व्यवस्थापनका लागि ५३ लाख ६५ हजार ८ सय, आयुर्वेद स्वास्थ्यतर्फ रु २१ लाख ४६ हजार र नगर फार्मेसी सञ्चालन तर्फ रु.१७ लाख गरी जम्मा रु २ करोड ४७ लाख ४३ हजार ५ सय रकम विनियोजन गरेको छु ।

१७. मधुवन नगरवासीलाई रगतको अभावबाट हुन सक्ने सम्भावित स्वास्थ्य जोखिमबाट बचाउनका लागि वडा ६ स्थित रक्तसञ्चार केन्द्र व्यवस्थापनको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।

१८. कानको तत्काल उपचारको लागि बाह्य क्षेत्रमा जानुपर्ने असुविधाको अवस्थालाई मध्यनजर गर्दै आ.व. २०८३।०८४ देखि मधुवन ४ ढोढरीमा बर्दिया आँखा उपचार केन्द्र मार्फत सञ्चालनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

१९. आधुनिक कृषि मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि रकम रु ३९ लाख ३९ हजार बजेट विनियोजन गरेको छु ।

२०. धानको न्यूनतम समर्थन मूल्य मार्फत कृषकलाई धान खेतीमा आकर्षित गर्नका लागि सरकारको न्यूनतम समर्थन मूल्यमा धान खरीद गर्ने सहकारीलाई अनुदान स्वरुप रु २० लाख बजेट विनियोजन गरेको छु ।

२१. पशु पालन तथा पशुधन मार्फत आय आर्जन रोजगारी सिर्जना पशुधनको उपचारका लागि रु ५६ लाख ५७ हजार ९ सय र गौशाला व्यवस्थापनका लागि रु १७ लाख गरी जम्मा रु ७३ लाख ५७ हजार ९ सय रकम विनियोजन गरेको छु, जसबाट नागरिकको आय आर्जनमा वृद्धि भई जिवनस्तरमा समेत सुधार हुने अपेक्षा गरिएको छ ।

२२. लक्षित वर्गका आवश्यकता माग सम्बोधनका लागि छुट्टै लक्षित कार्यक्रम तथा अपाङ्ग असाहय दलित अल्प संख्यक लगायतका समुहका लागि महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक अन्तर्गत गरी रु २७ लाख ३० हजार र लक्षित कार्यक्रम अन्तर्गत रु १४ लाख ५० हजार गरी जम्मा रु ४१ लाख ८० हजार रकम विनियोजन गरेको छु, जसबाट लक्षित समुहको सामाजिक सशक्तिकरणमा भई मूलप्रवाहिकरणमा टेवा पुग्ने आशा लिएको छु ।

२३. लघुउद्यम रोजगारी सिर्जना बहुक्षेत्रिय पोषण कार्यक्रम तथा विपन्न आयआर्जनका कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२४. विपदजन्य क्रियाकलापबाट हुन सक्ने क्षतिको न्यूनीकरण तथा व्यवस्थापन लगायतको क्षेत्रमा आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

२५. नगरको प्रशासनिक कार्यको प्रभावकारीता लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. स्थानीय तहमार्फत जग्गा प्रशासनको कार्य प्रारम्भ गर्न भुमि प्रशासन शाखा स्थापनाका लागि रु ८ लाख रकम विनियोजन गरेको छु ।

२७. सहकारी विकास कार्यक्रमका लागि आवश्यक बजेट रु १३ लाख ५ हजार विनियोजन गरेको छु, जसबाट सहकारीको प्रवर्धन गर्न सहयोग पुग्नेछ ।

२८. नगरका गतिविधिहरु प्रकाशन एवं जानकारी एवं प्रवर्द्धनात्मक कार्य गर्न आवश्यक बजेट प्रवन्ध गरेको छु ।

२९. मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरण एवं प्राकृतिक विपद् प्रतिकार्य राहत उद्धार एवं आवश्यक कार्य गर्न रु ३५ लाख बजेट विनियोजन गरेको छु, जसबाट मधुवन नगरपालिका भित्र आइपर्ने विपद् व्यवस्थापन गर्न सहयोग पुग्ने आशा गरेको छु ।

३०. संघ, प्रदेश, विभिन्न संघ संस्थासँग साझेदारी मोडलमा विकास अपनत्व हासिल गर्न समपुरक कोषमा रु ३ करोड ४ लाख १० हजार विनियोजन गरेको छु । जसबाट सहकार्य, साझेदारी, सहअस्तित्वको अवधारणा विकास हुनेछ ।

३१. यस मधुवन न.पा अन्तर्गतका विभिन्न भवन तथा सडक मर्मत सम्भारका लागि रु २० लाख विनियोजन गरेको छु ।

३२. द्वन्द्व पीडित आयआर्जन तथा सीपमूलक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

३३. विभिन्न संघ संस्थाहरुसँग साझेदारीमा तोकिएका कार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३४. सामाजिक कल्याणतर्फ एक कर्मचारी कल्याण कोष स्थापना गर्दै हाललाई उक्त कोषमा रु १० लाख व्यवस्थापन गरेको छु ।

**सभा अध्यक्ष ज्यू एवं सभाका सदस्यज्यूहरु र उपस्थित अन्य सम्मानित महानुभावहरु,**

३५. आ.व. २०८३।०८४ का लागि वार्षिक बजेट तर्जुमा लागि अहोरात्र खटिनु हुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीज्यूहरु, विषयगत समितिका पदाधिकारीज्यूहरु, बुद्धिजिवि, विभिन्न दातृ निकाय, नागरिक समाज लगयात सरोकारवाला सम्पूर्णप्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु । साथै यो वार्षिक बजेट तर्जुमाका चरणमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राय सुझाव दिनुहुने पूर्व जनप्रतिनिधिहरुज्यूहरु, राजनितिक दलका प्रमुख एवं

प्रतिनिधिज्यूहरु, विभिन्न विषयका विज्ञज्यूहरु, समाजसेवी व्यक्तित्वहरु एवं सञ्चारकर्मी मित्रहरु लगायत सम्पूर्णमा आभार व्यक्त गर्न चाहन्छु र आगामी दिनहरुमा बजेट कार्यान्वनयमा समेत सबै पक्षको साथ सहयोगको अपेक्षा गर्दछु ।

३६. यस नगरसभाबाट आ.व. २०८३।०८४ को लागि प्रस्तावित आय व्ययको विवरण अनुसूची-१ मा संलग्न गरेको छु ।

**धन्यवाद ।।**

**अनिता चौधरी**
**नगर उप-प्रमुख**
**मधुवन नगरपालिका, बर्दिया**

**मितिः २०८३/०३/१०**

**अनुसूची-१**

**आय व्यय विवरण आ व २०८३/०८४**

| **आय** | | | **व्यय** | | |
|---|---|---|---|---|---|
| **क्रस** | **शीर्षक** | **रकम रु.** | **क्रस** | **शीर्षक** | **रकम रु.** |
| १ | **संघीय सरकार** | | १ | शिक्षा | ५१२८९१०० |
| १ | वित्तीय समानिकरण अनुदान | १४०१००००० | २ | स्वास्थ्य | १५५३१७०० |
| २ | राजस्व बाँडफाँड | १२०९७३००० | ३ | नगर अस्पताल सञ्चलान तथा व्यवस्थापन | ५३६५८०० |
| २ | **प्रदेश सरकार** | | ४ | नगर अस्पताल फार्मेसी सञ्चालन खर्च | १७००००० |
| १ | वित्तीय समानिकरण अनुदान | ९६३१००० | ५ | नागरिक आरोग्य केन्द्र | २१४६००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | राजस्व बाँडफाँड | १२०१०००० | ६ | बहुक्षेत्रीय पोषण | ४७०५०० |
| ३ | **स्थानीय सरकार** | | ७ | कृषि | ३९३९००० |
| १ | आन्तरिक स्रोत अनुमान | ११४३२७५२० | ८ | पशु | ५६५७९०० |
| २ | अ.ल्या | ६००००००० | ९ | लघुउद्यम | ७५०००० |
| ४ | **संघीय सरकार समपुरक अनुदान** | ५०००००० | १० | गौशाला सञ्चालन तथा व्यवस्थापन | १७००००० |
| ५ | **संघीय सरकार विशेष अनुदान** | १७९००००० | ११ | महिला विकास | २७३०००० |
| ६ | **संघीय सरकार शशर्त अनुदान** | २७२४००००० | १२ | न्यायिक समिति | १९९१५२० |
| ७ | **प्रदेश सरकार समपुरक अनुदान** | १२०००००० | १३ | वडागत सिलिङ | ३१५००००० |
| ८ | **प्रदेश सरकार शशर्त अनुदान** | १३३००००० | १४ | नगरस्तरीय वडा तर्फका ठूला पूर्वाधार आयोजना | ९००००००० |
| ९ | **पी.एल.जी.एस.पी.** | ४७५००० | १५ | समपूरक कोष | ३०१६०००० |
| १० | **सडक बोर्ड** | ४९३३४८० | १६ | पुरानो योजनाको दायित्व | ५४५८५००० |
| ११ | **सामाजिक सुरक्षा** | २५००००००० | १७ | आ.व २०८२।०८३ को भुक्तानी हुन बाँकी चालु योजनाको दायित्व | २९८५००० |
| १२ | **मधुवन नगर अस्पताल निर्माण सानोश्री वडा नं. ६** | ४०००००० | १८ | आ.व २०८२।०८३ को भुक्तानी हुन बाँकी पुंजीगत | २०१५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | योजनाको दायित्व | |
| | | | १९ | नेपाल नगरपालिका संघलाई तिर्न बाँकी सदस्यता शुल्क | ४१५००० |
| | | | २० | विपद् व्यवस्थापन | २५००००० |
| | | | २१ | सडक मर्मत | २०००००० |
| | | | २२ | प्रशासनिक चालु वडाको चालु समेत | ११०००००० |
| | | | २३ | खानेपानी सरसफाइ तथा स्वच्छता इकाई (वास) | ४००००० |
| | | | २४ | मालपोत भूमिसुधार कार्यालय व्यवस्थापन | ८००००० |
| | | | २५ | सहकारी संस्थासँग विकास साझेदारी कार्यक्रम | ३००००० |
| | | | २६ | जिल्ला सहकारी संघको पूर्वाधार निर्माण | २५०००० |
| | | | २७ | स्वरोजगार कृषि सहकारी संस्था लि लाई अधुरो पूर्वाधार निर्माण | ३५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २८ | भू-उपयोग योजना तर्जुमा | ९००००० |
| | | | २९ | विभिन्न संघसस्थासँग साझेदारी कार्यक्रम | ४००००० |
| | | | ३० | विद्युतसँग साझेदारी कार्यक्रम | ४००००० |
| | | | ३१ | मधुवन वडा नं ५, गाउँ नं. ८ स्थित योग शिविर फिल्डमा शौचालय निर्माण | ४००००० |
| | | | ३२ | वैकल्पिक उर्जा कार्यक्रम | १०००००० |
| | | | ३३ | शुक्रबस्ती शसस्त्र प्रहरी कार्यालयको शौचालय मर्मत | १५०००० |
| | | | ३४ | नगरपालिका कार्यालय परिसरमा उद्यान तथा बागवानी निर्माण | २०००००० |
| | | | ३५ | मधुवन वडा नं. ७ रहेको अधुरो शिव मन्दिर (जनै मन्तर्नी ) निर्माण | २००००० |
| | | | ३६ | मधुवन वडा नं. ९ धर्मबस्ती स्थित स्वास्थ्य केन्द्रको बाउण्ड्री वाल निर्माण | ९००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३७ | मधुवन वडा नं. ९ धर्मबस्ती स्थित शिव मन्दिर मर्मत सम्भार | ५०००० |
| | | | ३८ | मधुवन वडा नं. ९ स्थित चेतन डाँगी अध्यक्ष रहेको खेलमैदान संरक्षण तथा मर्मत सम्भार | १००००० |
| | | | ३९ | मधुवन वडा नं. ३ बालकुमारी स्थित जनाधार मा.विको शौचालय पुनरनिर्माण | २००००० |
| | | | ४० | नेपाल भू.पु प्रहरी संगठन जिल्ला कार्यसमिति गुलरियाको अधुरो भवन निर्माण | १००००० |
| | | | ४१ | मधुवन वडा नं. ५ स्थित शान्तिपुर खानेपानी आयोजनाको भवन निर्माण | २००००० |
| | | | ४२ | नेपाल बार एसोसियसन्स जिल्ला कार्यालय बर्दियाको कार्यालय व्यवस्थापन/ मर्मत | १००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४३ | मधुवन वडा नं. ३ कैलाशेश्वर, ओमकारेश्वर मन्दिर परिसरमा ग्वाला निवास निर्माण | ४००००० |
| | | | ४४ | मधुवन नगरपालिका कार्यालय परिसरमा रहेको शिव मन्दिरको अधुरो कपाण्डवाल निर्माण | १००००० |
| | | | ४५ | मधुवन वडा नं. ७ गंगाबस्ती विद्यालय अगाडीको मन्दिरमा गेट र ह्युमपाइप जडान | २००००० |
| | | | ४६ | मधुवन वडा नं.५ गाउँ नं. १० शिव मन्दिर निर्माण | ३००००० |
| | | | ४७ | मधुवन वडा नं. ३ स्थित अधुरो बालकुमारी मन्दिर मर्मत सम्भार | ३००००० |
| | | | ४८ | मधुवन वडा नं.१ बहादुरपुर शिव मन्दिर भित्तेचित्र लेखन | ५०००० |
| | | | ४९ | जनतासँग उपमेयर | १७००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | युवालक्षित कार्यक्रम | |
| | | | ५० | जनतासँग नगर प्रमुख कार्यक्रम | ३७००००० |
| | | | ५१ | सहिद स्मृति पुस्ताकालय फर्निचर,फर्निसिङ्ग तथा व्यवस्थापन | १०००००० |
| | | | ५२ | युवा विद्यार्थी प्रवर्धनात्मक कार्यक्रम | ५००००० |
| | | | ५३ | गुँरास बहुमुखी क्याम्पस अनुदान | १७००००० |
| | | | ५४ | नेपाल साहित्य कला प्रतिष्ठान पुस्तक प्रकाशन | २००००० |
| | | | ५५ | विद्यालय मर्मत सम्भार कार्यक्रम | ७००००० |
| | | | ५६ | गुरुकुल विद्यालय व्यवस्थापन | ५००००० |
| | | | ५७ | बर्दिया आँखा अस्पतालमा कान उपचार सेवा सुचारु गर्न आवश्यक पर्ने उपकरण खरिद मधुवन -४ ढोढरी | ५००००० |
| | | | ५८ | मधुवन-७ नेरा आवि दशरथबस्तीमा अधुरो प्रतिक्षालय निर्माण | १००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५९ | मधुवन-७ ताकेश्वरदेखि ऐलानीबस्ती जोड्ने नयाँ सडक निर्माण तथा माटो पटान | ५००००० |
| | | | ६० | रक्तसञ्चार केन्द्र सञ्चालन व्यवस्थापन खर्च | ७००००० |
| | | | ६१ | स्वास्थ्य संस्था मर्मत सम्भार कार्यक्रम | ३००००० |
| | | | ६२ | मानव सेवा संस्थालाई सहयोग | ३००००० |
| | | | ६३ | सरकारको न्यूनतम समर्थन मूल्यमा धान खरीद गर्ने सहकारीलाई अनुदान | २०००००० |
| | | | ६४ | मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम | १०००००० |
| | | | ६५ | **लक्षित वर्ग कार्यक्रमः** | |
| | | | | मधेशी मुश्लिम | ५०००० |
| | | | | वडघर क्षमता विकास | १५०००० |
| | | | | दलित क्षमता विकास | १००००० |
| | | | | गेदा गदौली समुह व्यवस्थापन | १००००० |
| | | | | नगर स्तरीय महिला सञ्जाल लक्षित कार्यक्रम | २००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | राजी जाती लक्षित कार्यक्रम | १००००० |
| | | | | ठुल दिदीहरुका लागि लक्षित कार्यक्रम | ६०००० |
| | | | | थारु कथाहरु संकलन र संरक्षण | १९०००० |
| | | | ६६ | योग शिविर सञ्चालन | ३००००० |
| | | | ६७ | मधुवन वडा नं २. आधारभूत स्वास्थ्य केन्द्र हल निर्माण | ९००००० |
| | | | ६८ | मधुवन वडा नं. १ सल्यानीटोल जाने बाटोमा कल्भर्ट | ३००००० |
| | | | ६९ | वडा नं. ७ भुरनैया स्थित अधुँरो शिव मन्दीर निर्माण | २००००० |
| | | | ७० | वडा नं. १ कैलासी स्कुलमा खानेपानी धारा व्यवस्थापन | १००००० |
| | | | ७१ | वडा नं. १ कोठियान घर पिपरयान घर अगाडी सिँचाई डुँड निर्माण | ३५०००० |
| | | | ७२ | राम जानकी मन्दिर निर्माण वडा नं. ४ कुम्राघाट | १०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७३ | पुजारी घर निर्माण मधुवन वडा नं.७ स्थित तारातालमा | ४००००० |
| | | | ७४ | जिल्ला प्रशासन कार्यालय र कारागार पूर्वाधार सुधार तथा मर्मत | ५००००० |
| | | | ७५ | भुमि प्रशासन कार्यालय गुलरिया कार्यालय व्यवस्थापन | ९०००० |
| | | | ७६ | नापी कार्यालय कार्यालयको व्यवस्थापन खर्च | २००००० |
| | | | ७७ | महिला जनजागृति सामुदायिक भवन तारवार | ४००००० |
| | | | ७८ | मधुवन ४ स्थित ज्वालादेवि खानेपानी आयोजना तारवार | ३००००० |
| | | | ७९ | दिसाजन्य फोहोर व्यवस्थापनका लागि सक्शन ट्याङ्क खरिद | २०००००० |
| | | | ८० | मधुवन वडा नं. ६ स्थित श्रीकैडा गाँउभित्र सडक ढलान | ३००००० |
| | | | ८१ | विभिन्न संस्कृति जर्गेना कार्यक्रम | २५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ८२ | लागु औषद नियन्त्रण कार्यक्रम | २००००० |
| | | | ८३ | पर्यापर्यटन प्रवर्धन कार्यक्रम | ३५०००० |
| | | | ८४ | पर्यटन प्रवर्धनका लागि दिगो रुपमा चरा संरक्षण कार्यक्रम | ५०००० |
| | | | ८५ | दिदि बहिनी महिला समूहलाई जुत्ताचप्पल बनाउने सम्बन्धी सीप मूलक कार्यक्रम | १००००० |
| | | | ८६ | द्वन्द्व पीडित परिवारका लागि आयआर्जन कार्यक्रम | १२०००० |
| | | | ८७ | सुत्केरी महिलालाई घिउ वितरण | ५००००० |
| | | | ८८ | दुर्गा मन्दिर टहरो निर्माण वडा नं. ९ | ३००००० |
| | | | ८९ | कुसुम्बादेवि युवा क्लबको क्रिकेट पिच निर्माण मधुवन वडा नं.९ | १५०००० |
| | | | ९० | मधुवन वडा नं. ९ सस बहादुर वलीको प्लटदेखि जङ्ग बहादुर जि.सीकव घरसम्म बाटो | ४००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पटान तथा ग्राभेल | |
| | | | ९१ | मधुवन ५ सशस्त्र प्रहरी कार्यालय परिसरमा महिला आवास निर्माण | २००००० |
| | | | ९२ | वडा नं. ८ दुर्गामन्दिर पूर्वाधार निर्माण | १५०००० |
| | | | ९३ | वडा नं. १ विपि प्रा.वि. मा जिप्सन जडान | २००००० |
| | | | ९४ | वडा नं. २ ओरालीबजार मान बहादुर चौधरीको घरदेखि हिरा चौधरीको घरजाने सडक ढलान | २५०००० |
| | | | ९५ | मधुवन ७ स्रोहघरस्थित अनुग्रह चर्चमा शौचालय निर्माण | १५०००० |
| | | | ९६ | **संघीय सरकार समपुरक योजना** | ५०००००० |
| | | | ९७ | **संघीय सरकार विशेष योजना** | १७९००००० |
| | | | ९८ | **संघीय सरकार शशर्त योजना तथा कार्यक्रम** | २७२४००००० |
| | | | ९९ | **प्रदेश सरकार समपुरक योजना** | १२०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १०० | प्रदेश सरकार शशर्त योजना तथा कार्यक्रम | १३३००००० |
| | | | १०१ | पी.एल.जी.एस.पी. | ४७५००० |
| | | | १०२ | सडक बोर्ड तर्फका आयोजना | ४९३३४८० |
| | | | १०३ | सामाजिक सुरक्षा | २५००००००० |
| | | | १०४ | मधुवन नगर अस्पताल निर्माण सानोश्री वडा नं. ६ | ४०००००० |
| | **जम्मा** | **१०३७०५००००** | | **जम्मा** | **१०३७०५००००** |